# प्रधानमन्त्री रोजगार कार्यक्रमको वार्षिक प्रतिवेदन

## साकेला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय


प्रतिवेदक

अस्मिता राई

रोजगार सहायक

## *कार्यक्रम परिचय:-*

नेपालको संविधानको मौलिक हक र कर्तव्य अन्तर्गत धारा ३३ मा रहेको रोजगारीको हकलाई कार्यान्वयन गर्न नेपाल सरकारले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ जारी गरेको छ। ऐनको दफा ८ को उपदफा (१) मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले आवश्यक रोजगार कार्यक्रम सञ्चालन गर्न सक्ने प्रावधान रहेको र उपदफा (३) ले कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरेको छ।रोजगारीको हकलाई कार्यान्वयनका अतिरिक्त मुलुकभित्र पर्याप्त रोजगारीको अवसर सिर्जना गरी उपलव्ध जनशक्तिको महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुऱ्याउने गरी सङ्घ, प्रदेश र स्थानीय तहको साझा कार्यक्रमको रुपमा प्रधानमन्त्री रोजगार कार्यक्रमलाई तर्जुमा गरिएको हो ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८०/८१ मा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको प्रगति प्रतिवेदन देहायबमोजिमको रहेको छ ।

- योजना छनौट गरि कार्यपालिकाको बैठकबाट प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको बजेट नेपाल सरकार र आई. डि. ए को बजेट वडाहरुमा विभाजन गरि प्रत्यक वडाहरुबाट योजनाको मांग गरियो ।
- बेरोजगार व्यक्तिहरुको काम गर्ने प्राथमिक्ता सूचि तथा काममा खटिने व्यक्तिहरुको नाम र दर रेट एनालाईसेस गरियो ।
- आर्थिक वर्ष २०८०-८१ को लागि बेरोजगार व्यक्तिहरुको लागि फारम मगाई वडा वडा मा गएर फारम भर्न अनुरोध गरियो ।
- ज्यालादर सम्बन्धमा मन्त्रालयको चलानि न. ९३ को पत्र अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका २०७५ को दफा २७ मा रहेको पारिश्रमिक निर्धारणर भक्तानि सम्बन्धमा न्युमतम ज्यालादर ६८४/- तय गरियो ।
- प्रत्यक वडा बाट आएको योजनाहरुलाई ई. एम. आई. एस मा दर्ता गरियो ।

आर्थिक वर्ष २०८०/८१ मा काम गर्ने व्यक्तिहरुको संख्या देहाय बमोजिमको रहेको छ ।

| वडा नं. | संख्या |
|---|---|
| १ | १७ |
| २ | १२ |
| ३ | २२ |
| ४ | १० |
| ५ | ८ |

**आर्थिक वर्ष ८०/८१ EMIS मा सूचिकृत बेरोजगारी व्यक्तिहरुको तथ्यांक**

| सुचिकृत बेरोजगार | |
|---|---|
| महिला | १५१ |
| पुरुष | १९५ |
| **जम्मा ३४६** | |

**आर्थिक वर्ष ८०/८१ EMIS मा सूचिकृत वडा बेरोजगारी व्यक्तिहरुको तथ्यांक**

| **वडाहरु** | **संख्या** |
|---|---|
| वडा नं. १ | ६५ |
| वडा नं. २ | ३९ |
| वडा नं. ३ | ८८ |
| वडा नं. ४ | ६७ |

| वडा नं. ५ | ८७ |
|---|---|

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत गरिएको कार्यक्रमको संक्षिप्त टिप्पनिः-

**<u>श्रमको सम्मान राष्ट्रको अभियान अभिमुखिकरण कार्यक्रम</u>** साकेला गाउँपालिकाको सबै वडा (१-५) मा सन्चालन गरिएको हो। जसमा महिला, जनजाति, दलित, स्थानिय तहको जनप्रतिनिधि, नागरिक समाज। वडा समिति लगायत सम्बन्धित सरोकारवालाहरुलाई उपस्थित गराइएको थियो। यस कार्यक्रममा १८-५९ बर्ष भित्रको बेरोजगार व्यक्तिको सुचिमा दर्ता हुन आवेदन प्रक्रिया र समय, न्यनतम रोजगारीको लागि  आवेदन तथा सामाजिक र आर्थिक उन्नतिमा सघाउ पुर्याउने आयोजनाको छनौट, विपन्न वर्गलाई न्युनतम रोजगारीमा सहभागि गराउने, विपन्न लक्षित छानविन प्रक्रिया इत्यादि कुराहरुको बारेमा अभिमुखिकरण कार्यक्रम सन्चालन गरिएको हो।

१. कार्यक्रमको स्थलः साकेला गा.पाको १-५ वटै वडा ।
२. कार्यक्रम संचालन हवधिः ५ दिन।
३. कार्यक्रममा सहभागिहरुः १०३ जना ।

**<u>कार्यक्रमको उदेश्यहरुः-</u>**

१. बेरोजगार व्यक्तिको सुचिमा दर्ता हुन आवेदन प्रक्रिया र समय बारे जानकारि दिने।
२. वास्तविक विपन्न वर्गलाई न्युनतम रोजगारीमा सहभागि गराउने।
३. आन्तरिक रोजगार सिर्जना सम्बन्धीअध्ययन अनुसन्धान गरी रोजगारीका नयाँ क्षेत्रहरुको पहिचान गर्ने ।

प्रत्यक वडा को कामहरु समापन गरि त्यस कामको सर्वे गरियो ।